**माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले महालेखा परीक्षकको कार्यालय भवन शिलान्यास समारोहमा दिनु भएको मन्तव्य**

सम्माननीय राष्ट्रपतिज्यू
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरु
माननीय महान्यायधिवक्ताज्यू
नेपाल सरकारका मुख्यसचिवज्यू,
संवैधानिक निकायका माननीय सदस्यज्यूहरु
नेपाल सरकारका सचिवज्यू तथा विशिष्ट श्रेणीका पदाधिकारीहरु
भुतपूर्व महालेखापरीक्षकज्यू तथा उपमहालेखापरीक्षकज्यू,
सुरक्षा निकायका प्रमुखज्यूहरु
कार्यालयका कर्मचारीहरु,
सञ्चारकर्मी मित्रहरु,
नमस्कार तथा अभिवादन !

सर्वप्रथम महालेखा परीक्षकको कार्यालय भवन शिलान्यास समारोहमा सम्माननीय राष्ट्रपतिज्यू लगायत यहाँ उपस्थित सम्पूर्ण अतिथीगणमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय स्थापनाकाल देखि नै ऐतिहासिक भवन बबरमहलमा रही आएकोमा २०७२ बैशाख १२ को भुकम्प पश्चात् सो भवन बस्न अयोग्य भएकोले भाडामा भवन लिई पुल्चोक, बबरमहल र यहांसंगै रहेको भवनबाट कार्य सञ्चालन हुदै आएको छ । एउटै कार्यालयका महाशाखा, महानिर्देशनालयहरु छरिएर रहेको कारण कार्यसञ्चालनमा कठिनाइ परेको छ । तालिम हल नभएका कारण नियमित तालिम तथा बैठक सञ्चालनमा समेत असर परेको छ। कार्यालयमा करिब ५०० कर्मचारी कार्यरत छन । अधिकांश कर्मचारीलाई न्यूनतम भौतिक पूर्वाधारहरुको अभाव रहेको, स्थान अभावको कारण धेरै कर्मचारी एकै ठाउँमा बसेर काम गर्नुपरेको कारण कार्य वातावरणमा असर परेको छ । हाल पुल्चोकमा रहेको भवनको भाडाका लागि मात्र नेपाल सरकारले मासीक रु १२ लाख खर्च व्यहोर्नुपरेको अवस्था छ। यस परिस्थितिमा आफुले कार्यभार सम्हालेको छ महिनाको अवधिमा नै सम्माननीय राष्ट्रपति महोदयलाई आमन्त्रण गरी महालेखा परीक्षकको कार्यालय भवन शिलन्यास गर्न पाउँदा मैले गौरवको महसुस गरेको छु । यो भवन निर्माण छिटो भन्दा छिटो सम्पन्न गरी कर्मचारीलाई काम गर्ने वातावरण सृजना गर्नु आजको आवश्यकता हो ।

भवन निर्माणको लागि नेपाल सरकारले १० रोपनी १३ आना जग्गा उपलब्ध गराएको छ । सोही जग्गामा यो भवन २ तला जमिनमुनि र ७ तला जमिनमाथि निर्माण हुनेछ । भवनको floor area ११११९ वर्ग मिटर हुनेछ । यस भवनको लागत अनुमान रु ६९ करोड २० लाख रहेकोमा उक्त काम रु ५४ करोड २२ लाखमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी लुम्बीनी/गौरी पावर्ती/शान्ती जे. भि. सँग मिति २०७३ श्रावण ३१ गते सम्झौता भएको छ । सम्झौता अनुसार भवन निर्माणको काम २०७६ भाद्र २० (अर्थात ३ बर्ष) मा सम्पन्न गर्नुपर्ने हुन्छ ।  निर्माण कार्यको सुपरभिजन शहरी विकास तथा भवन निर्माण डिभिजनबाट भैरहेको छ ।

हाल ठेक्का सम्झौता भएको १६ महिना व्यतित भै सके तापनि करीब ६ महिना अघि २०७४ आषाढ देखि मात्र कार्यारम्भ हुनसक्यो । यो भवनको निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न गर्न अत्यन्त तीव्र गतिमा काम गर्नुपर्ने अवस्था छ । यसको लागि नेपाल सरकार, निर्माण व्यवसायी र सम्वद्धपक्षबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु । अबको १८ देखि २१ महिना भित्र कार्य सम्पन्न गरी कार्यालय सार्ने अवस्थामा पुर्‍याउन निर्माण व्यवसायी श्री रामकुमार थापा लाई विशेष आग्रह गर्दछु । समयमा काम सम्पन्न भएमा ऐन नियम बमोजिम बोनस समेतको भुक्तानी हुने व्यहोरा समेत अवगत गराउन चाहन्छु । तसर्थ निर्माण कार्यको गुणस्तर र समयसीमा पालना गरी उत्कृष्टता प्रर्दशन गर्नुहुनेछ र कुनै पनि बहानामा ढिला हुने छैन भन्ने अपेक्षा राखिएको छ ।

महालेखापरीक्षकको कार्यालयबाट सार्वजनिक कोषको उपयोगको स्वतन्त्र एवं निष्पक्ष परीक्षण गरी यथार्थ स्थिति लेखापरीक्षण प्रतिवेदन मार्फत सार्वजनिक गरेर वित्तीय व्यवस्थापनको कमजोरी सुधार गर्नका लागि सुझाव दिने काम हुदै आएको छ । लेखापरीक्षणबाट मुल्यांकन गर्दा सार्वजनिक निकायको बर्षेनी बेरुजू बढदै गएको यर्थाथता हामी सामु रहेको छ । लेखापरीक्षण नतिजाको कार्यान्वयन मार्फत आर्थिक अनुशासन कायम गर्न सार्वजनिक पदमा बहाल रहेका जिम्मेवार पदाधिकारीहरु सबैले ध्यान दिनु जरुरी छ ।

मैले महालेखा परीक्षकमा नियुक्ती पश्चात् आफ्नो ६ बर्षे कार्ययोजना सार्वजनिक गरेको थिएँ । सो कार्ययोजना अनुसार हाल कार्यालयको आन्तरिक व्यवस्थापनमा सुधारका प्रयासहरु भैरहेका छन् । नेपालको संविधान बमोजिम यस बर्ष देखि स्थानीय तहको लेखापरीक्षण शुरु गरिसकिएको छ । प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्ने सन्दर्भमा कार्यालयको पुर्नसंरचना गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गरिएको छ। संगठन संरचना स्वीकृत हुनासाथ प्रदेशस्तर सम्म कार्यालय विस्तार गरिनेछ । यस बाहेक संगठनात्मक व्यवस्था र कार्य प्रणालीमा सुधार, नीति एवं कानुनी सुधार, लेखापरीक्षणको प्रकृयामा सुधार, लेखापरीक्षणको प्रभावकारीता र गुणस्तर अभिवृद्धि, वित्तीय

अनुशासन तथा जवाफदेहिता अभिवृद्धि र संस्थागत सम्बन्ध एवं सञ्चारमा सुधार गर्ने कार्ययोजना तयार गरी कार्यन्वयन गरिएको छ ।

यस क्रममा मासिक रुपमा लेखापरीक्षण बुलेटीन प्रकाशन गर्ने एवं नियमित रुपमा प्रेस विज्ञप्ती जारी गर्ने र अन्तरक्रिया मार्फत सुचना सम्प्रेषण गर्ने कार्य भैरहेको छ । यस बर्ष सबै निकायको लेखापरीक्षण विस्तृत रुपमा गर्ने गरी योजनाबद्ध तवरले काम अगाडि बढाइएको छ । विगतमा वर्षौ देखि लेखापरीक्षण हुन नसकि वक्यौता रहेका विभिन्न संस्थानहरु तथा विश्वविद्यालय लगायतको लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था मिलाईएको छ । सार्वजनिक निकायका पदाधिकारीहरुको वित्तीय जवाफदेहिता परिपालनाको मुल्यांकन गर्ने प्रयास भैरहेको छ । लेखापरीक्षण पश्चात् स्थलगतरुपमा बेरुजू फछ्र्यौट गर्ने र फछ्र्यौट हुन नसकेका व्यहोरामात्र प्रतिवेदनमा कायम गर्ने नीति लिईएको छ ।

भवन शिलान्यास पश्चात् समयमै निर्माण सम्पन्न हुने विषयले विशेष महत्व राख्दछ । हाम्रो परिप्रेक्ष्यमा अधिकांश भौतिक पूर्वाधार र संरचना निर्माणका काम थालनी भएपछि समयमा सम्पन्न नहुने, गुणस्तरीय कार्य नहुने र बीचैमा काम छोड्ने प्रवृति छ । यस्ता तिता अनुभवबाट पाठ सिकेर यो भवन तोकिएको समयमा सम्पन्न गराउन सबैको सहयोग प्राप्त हुनेमा म विश्वस्त छु । यो संवैधानिक निकायको कार्यालय भवन हो । यो भवन समयमा निर्माण गर्न सकिएमा अन्य निकायको लागि समेत उदाहरण हुने अवस्था रहन्छ । तसर्थ म यसको निर्माणमा संलग्न निर्माण व्यवसायी, ईन्जिनियर, कार्यालयका कर्मचारी लगायत सबैलाई तोकिएको समयमा कार्य सम्पादन गर्न विशेष ध्यान केन्द्रित गर्न आग्रह गर्दछु ।

अन्तमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरी भवन शिलान्यास गर्न पाल्नु भएकोमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । कार्यक्रममा उपस्थित हुनु हुने सबै अतिथिज्यूहरु, कार्यालयका कर्मचारी तथा सञ्चारकर्मी सबैमा पुनः हार्दिक कृतज्ञता र धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।